निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं २ : प्रस्ताव नं.२ माथि छलफल गर्दा तिनाउ गाउँपालिकाको चालू आर्थिक बर्षका योजना तथा कार्यक्रम समयमै गुणस्तरिय रुपमा सम्पन्न गर्न सबै वडा तथा पालिकाका जनप्रतिनिधी तदारुकताका साथ लाग्ने तथा २०८२ माघ मसान्त भित्र योजना सम्झौता कार्य गर्ने निर्णय गरियो।

निर्णय नं ३ : प्रस्ताव नं.३ माथि छलफल गर्दा तिनाउ गाउँपालिकाको कार्यालयमा घ वर्गको निर्माण व्यावसायी इजाजत पत्र अनुमतीको लागि निवेदन पेश गरेका तपशिल बमोजिमका फर्महरुको तिनाउ गाउँपालिकाको घ वर्गको निर्माण व्यावसायीको इजाजत सम्बन्धी कार्यविधि,२०७५ बमोजिम योग्यता पुगेको देखिएकोले घ वर्गको निर्माण व्यावसायी इजाजत पत्र जारी गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिलः

| सि.नं. | फर्मको नाम,ठेगाना | प्रोपाइटर | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| १. | रिमि कन्सट्रक्सन प्रा.लि., तिनाउ-२,पाल्पा | श्री मिन बहादुर गाहा | 9742998802 | |
| २. | श्रीयँश इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि., तिनाउ-६,पाल्पा | श्री मिना कुमारी कार्की | 9847243582 | |

निर्णय नं ४: प्रस्ताव नं.४ माथि छलफल गर्दा देहायबमोजिमका सर्वसम्मत निर्णयहरु गरियो।

क. तिनाउ गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा SEE अध्ययनरत बिद्यार्थीहरुका लागि फागुन मसान्त सम्म आवासिय व्यवस्थापनका लागि प्रति विद्यार्थी रु १००। उपलब्ध गराउने भनिएअनुरुप SEE पछाडी हुने अवस्था सिर्जना हुने भएमा SEE हुने समय सम्मको लागि समेत थप दिनको लागि समेत स्रोत सुनिश्चित गरि उपलब्ध गराउने।

ख. नम बुद्ध हाइड्रो पावर प्रा.लि. ले तिनाउ गाउँपालिका वडा नं ४ जलमाघाट देखि जौवारी सम्म निर्माण गर्न लागिएको नम बुद्ध हाइड्रोपावर (३.४४ मेगावाट ) सुचारु गर्ने प्रयोजन रहेको र सो सम्बन्धी जानकारी कार्यपालिका समक्ष जानकारी गराइयो। र सो सम्बन्धमा सरोकार वाला लाभान्वित तथा जनप्रतिनिधी सँग समन्वय गरि स्थानीय लाभलाइ सुनिश्चित गरि आवश्यक कार्यहरु गर्ने।

ग. तिनाउ-२ नुवाकोटमा अस्थायी प्रहरी चौकी स्थापना गर्नको लागि जिल्ला प्रशासन कार्यालय कार्यालय तथा सम्बन्धित निकायमा सिफारिस साथ अनुरोध तथा पत्राचार गर्ने।